# ८ ख्रीष्टको फौजमा सहकर्मीहरु

*<u>यस अध्यायका मूल पदहरू:</u>* लूका ५:६-८, ११; मर्कूस ३:१४, मत्ती ८:२३-२७, मर्कूस ४:३५-४१, मर्कूस ९:३३-३७; मत्ती २०:२०-२८।

*<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल पद:</u>* "तिनीहरू एक आपसमा कुरा गरे। 'उहाँले बाटोमा हामीसँग कुरा गर्नु भएको थियो। उहाँले धर्मशास्त्रलाई खोलेर सिकाउनुभयो (वा बाइबलका पदहरूलाई उदृध गर्नुभयो)। के उहाँले ती बचनहरू सुनाउनुहुँदा हामीहरूको हृदय हामीभित्र दनदन बलिरहेन र?" (लूका २४:३२ रूपान्तरित)।

येशू एक्लैले आफ्नो सेवाकार्यको काम सुरू गर्नभएको थिएन। आफूले प्रचार गर्ने काममा, सिकाउने काममा र सेवा गर्ने काममा येशूले मानिसहरूलाई समावेश गर्नु भएको थियो। सुसमाचारको चारैवटा पुस्तकहरूले उहाँको जीवन, मृत्यु र पुनरुत्थानलाई मूल बिषयबस्तुहरू बनाइएका छन्। उहाँ आफ्नो चेलाहरूसँग एकदम नजिक भएर काम गर्नुभएको थियो भनेर पनि ती पुस्तकहरूले बताउँछन्। उहाँसँग घनिष्ट हुने चेलाहरूसँग बिशेष मिलेर काम गर्नुभएको थियो।

जब येशूका वरिपरि रहेर शैतानले उहाँको बिरुद्धमा युद्ध छेडिरहेको थियो भने त्यही युद्ध उहाँका चेलाहरूसँग पनि उसले छेडिरहेको थियो। तर जबसम्म अन्तमा पिडाले चिच्याएर येशूले "अब सिध्दियो" भन्नुभएन तब सम्म येशूलाई हराउन, खसाल्न वा पछार्न शैतानको निम्ति असम्भव भएको थियो। तर येशूका चेलाहरूलाई धरापमा पार्न शैतानलाई गाऱ्हो थिएन। तिनीहरूमा भएका अवगुण तथा कमजोरहरूको फाइदा उठाएर तिनीहरूलाई धाल्ने मौका शैतानलाई मिलेको थियो।

घमण्ड, अहँकारिता, शङ्का, जिद्दिपना वा हठी, आफ्नो मात्र भाउ खोज्ने वा अरूको भन्दा आफ्नो हितको बढि चासो राख्ने (अङ्ग्रेजीमा कन्फ्टिट अभ इन्टरेस्ट भनिन्छ), स्वार्थीपना जस्ता कमजोरीहरू हामीहरूमा भयो भने हामीलाई ढाल्ने मौका शैतानलाई दिइरहेका हुन्छौं। तिनीहरूको प्रायजसो मूल समस्या भनेकै कतिपय समयमा तिनीहरूलाई के हुनेछ भनेर येशूले भन्नुहुँदा पनि

त्यसप्रति तिनीहरूले ध्यान दिएका थिएनन्। तिनीहरू आफ्नै बिचारमा धुक्क भएर बसेका थिए।

तिनीहरूले कठिन तरिकाले धेरै कडा पाठहरू सिक्नुपरेको थियो। त्यही चाल हामीहरूको पनि नभएको होइन।

## १. पत्रुसलाई बोलाहत (लूका ५:६-८)

सारा जगतलाई नै असर पार्ने महान् बिबादको महत्त्वपूर्ण बिषयलाई सम्झँदा येशूले आफ्नो सेवाकार्यमा सहायता गर्न मानिसहरूलाई प्रयोग गर्नुभएको कुरा अत्यन्त अचम्म लाग्दो मामिला देखिन्छ। उहाँले रोज्नुभएका चेलाहरूका कमीकमजोरीहरूलाई हेर्दा त्यो त झन छक्क पर्ने कुरो हुनआउँछ। मानिसको पतित स्वभावलाई हेर्दा उहाँले चुन्नुभएको कोही पनि सिद्ध छैन भन्नुमा अस्वभाविक देखिन्दैन।

एक दिन एका बिहानै येशू उत्तरी गलिलको समुद्रमा हिँडिरहनुभएको थियो। त्यसबेला एक हुल मानिसहरू उहाँको पछि पछि थिए। त्यहाँ उनले माछा पक्रने दुई डुङ्गाहरू देख्नुभयो जसमा कि त्यसका मालिकहरूले रातभरी पनि माछा पक्रन नसक्दा दिक्क भएर ती डुङ्गाहरू सफा गर्दै थिए। ती माझीहरूलाई येशूको बारेमा थाहा थियो। तिनीहरू जाने सिनिगग वा यहूदी सभाघरहरूमा येशूले सिकाउनुभएको तिनीहरूले सुनेका थिए। उहाँले सिकाउनुहुँदा सबै जना छक्क परेका थिए (लूका ४:३१,३२)। तिनीहरू आराधना गर्ने मन्दिरमा एक जना मानिसको दुष्ट आत्मा येशूले धपाउनुभएको (लूका ४:३३-३६) पनि तिनीहरूले देखेको हुनुपर्छ। पत्रुसको घरमा उनको सासुको ज्वर निको पार्नुभएको पनि तिनीहरूले देखेको हुनुपर्छ (लूका ४:४८,३९)। अघिल्लो दिन बेलुका उहाँले धेरैलाई निको पार्नुभएको पनि (लूका ४:४०,४१) तिनीहरूले देखेका थिए।

त्यसैकारण हुलका हुल मानिसहरू समुद्धको किनारमा येशूको पछि लागिरहेकोमा अचम्म मान्नुपर्ने देखिन्दैन। पत्रुस भएको डुङ्गामा येशू चढ्नुभयो र अलि पर जान अऱ्हाउनुभयो ताकि सबै मानिसहरूले उहाँलाई देखुन्। अनि त्यहाँबाट येशूले प्रवचन दिनुभयो (लूका ५:३)। उहाँले बोल्नुभइसकेपछि पत्रुसलाई डुङ्गा अलिपर गहिरो पानीमा लगेर भर्खरै सफा गरेको जाली फ्याँक्न अऱ्हाउनुभयो। रातभरि माछा पक्रन नसकेको पत्रुसलाई निश्चित थियो कि

**येशूले भन्नुभएको पानीमा जाली हाल्दैमा माछा पर्दैन। तर येशूलाई सम्मान गरेको हुनाले उहाँको वचन राख्न उहाँले भन्नुभएको अनुसार पत्रुसले त्यसै गरे।**

लूका ५:६-८ पढ्नुहोस्। पत्रुसको भावना र कामले उनको बारेमा हामीलाई के भन्छ? पत्रुसमा कमजोर भएतापनि येशूले उनलाई किन चेला बनाए भनेर उपरोक्त पदहरूले हामीलाई के सिकाउँछ? हेर्नुहोस्: "६ अनि जब त्यसो गरे, तब तिनीहरूले एक थुप्रो माछा पक्रे, र तिनीहरूका जाल फाट्न लागे। ७ तिनीहरूले अर्को डुङ्गामा भएका साझेदारहरूलाई आएर सहायता गर्ने इशारा गरे, र आएर तिनीहरूले दुवै डुङ्गा माछाले भरे, यहाँसम्म कि डुङ्गाहरू डुब्न लागे। ८ तब यो देखेर येशूको पाउमा घोप्टो परी सिमोन पत्रुसले भने, "हे प्रभु, मबाट जाइजानुहोस्, किनभने म पापी मानिस हुँ।"

**पत्रुसले व्यक्त गरेका भावना र काम अचम्म लाग्दो छ। पुरानो करारमा याकूबले स्वर्गदूतसँग कुस्ती खेलेको हामीलाई याद दिलाउँछ। दुबै व्यक्तिहरूले परमेश्वर तिनीहरूसँग थिए भनेर महसुस गरेका थिए। दुवैले आफूहरू अयोग्य भएको ठूलो आभास् पाएका थिए (उत्पत्ति ३२:२४-३०)। यो स्पष्ट थियो कि पत्रुसले आफू पापी भएको स्वीकार गरेका थिए। आफू पापी भएको सार्बजनिकरूपमा पत्रुसको स्वीकार्योक्ति तत्कालिन धार्मिक अगुवाहरूले येशूको बारेमा सोचेको भन्दा उल्टो थियो। येशू पापी हुन् भनेर तिनीहरूले औंल्याएका थिए (लूका ९:२४)। ती धर्मका खोल ओढ्ने मानिसहरूले आफू पापी हुँ भनेर मान्न तयार थिएन।**

"९ यतिका माछा पक्रेको देखेर तिनी र तिनको साथमा हुनेहरू सबैले साह्रै अचम्म माने। १० त्यसै गरी जब्दियाका छोराहरू याकूब र यूहन्ना पनि छक्क परे। तिनीहरू सिमोनसँग साझेदार थिए। येशूले सिमोनलाई भन्नुभयो, "नडराऊ, अब उप्रान्त तिमीले मानिसहरूलाई पक्रनेछौ।" ११ अनि जब तिनीहरूले आफ्ना डुङ्गाहरू पाखामा ल्याए, तिनीहरूले सबै थोक त्यागे, र उहाँको पछि लागे।" (लूका ५:९-११)। पद ११मा माझीहरू सबैले आफ्ना थोकहरू त्यागे र येशूको पछि लागे भनेर उल्लेख गर्दछ। त्यसको अर्थ तिनीहरूको जाली फुट्ने गरेर भरेपनि त्यसै छोडेर येशूको पछि लागे रे! हामीलाई त्यसमा के सन्देश छ?

## २. "उहाँसँग" (मर्कूस ३:१४)

जब येशूले गलिलको समुद्रको किनारामा केही व्यक्तिहरूलाई आफ्नो पहिलो चेलाहरू हुन आह्वान गर्नुभएको थियो त्यो भन्दा अघि दुष्ट आत्मालाई उहाँले नियन्त्रण गर्नुभएको तिनीहरूले देखेका थिए। शैतानका बीर वा असुरहरूलाई येशूले दिनुभएको चुनौती (लूका ४:३४-३६), बिमारीहरूलाई निको पार्नुभएको (लूका ४:३८-३९), प्रकृतिमाथि उहाँको शासन (लूका ५:४-६) र पत्रुसले आफ्नो पाप खोल्दा उनी डराउनुपर्दैन भनेर येशूले दिनुभएको आश्वासनको प्रतक्ष्यदर्शी तिनीहरू थिए (लूका ५:१०)।

केही समयपछि रातभरी प्रार्थना गरिसक्नुभएपछि (लूका ६:१२) येशूले आफ्ना अनुयायीहरूसँग भेट्नुभएको थियो। ठूलो जमातबाट येशूले बाह्र जनालाई चुनेर तिनीहरूलाई बिशेष चेला वा प्रेरितहरू भनेर सम्बोधन गर्दै अलग राख्नुभएको थियो (लूका ६:१२)। तिनीहरू येशूका शिक्षाका गुरू र अगुवा हुन पुगेका थिए। ग्रीक भाषामा आपोस्टल्स (**apostles**) वा प्रेरितको अर्थ "पठाइएको" हो। बाहिर प्रचार गर्न पठाउनुभन्दा अघि येशूले तिनीहरूलाई शिक्षादीक्षा दिनुभएको थियो (लूका ९:१-५), तिनीहरूको साथमा व्यक्तिगत रूपमा समय बिताउनुभएको थियो।७० जनाको ठूलो समूहलाई गाउँ शहरहरूमा पठाउनुहुँदा पनि उहाँले त्यही प्रक्रिया अपनाउनुभएको थियो (लूका १०:१-१६)।

मर्कूस ३:१४ पढ्नुहोस्। आफू बिना येशूले चेलाहरूलाई गाउँशहरहरूमा प्रचार गर्न पठाउँदा तिनीहरूबाट उहाँले के अपेक्षा गर्नुभएको थियो? बर्तमान परिप्रेक्ष्यमा पनि हाम्रो निम्ति त्यसमा के महत्त्वपूर्ण सन्देश छ? हेर्नहोस्: "१४ आफूसँग रहन र प्रचार गर्न पठाउनलाई उहाँले बाह्र जनालाई नियुक्त गर्नुभयो।"

आज कतिपय इसाईहरू येशूको बारेमा प्रचार गर्न प्रतिस्पर्धा गर्दछन् र उहाँको निम्ति काम गर्न आत्तुरी गर्दछन् तर उहाँसँग समय बिताउन भने फुर्सद निकाल्न नसकेको हुन्छ। त्यसले गर्दा सुसमाचारको काम गर्न हामी आफ्नै बुद्धिले जाँदा हामीहरू आफैले के के गर्ने भनेर शूची बनाउँछौं। संसारको मुक्तिदाताको सहभागितालाई ध्यान नदिएर उहाँको सट्टामा हामी उभिन पुगेका हुन्छौं। प्रायजसो हामी भित्र हामीले "मसीह रचना" गर्न खोज्छौं त्यसको अर्थ संसारलाई उद्धार गर्ने जिम्मा हामीलाईमात्र सुम्पिएको छ तर येशूमात्र उद्धारकर्ता हुनुहुन्छ भन्ने प्रतिवद्धता कतिपय समयमा बिर्सन खोज्छौं।

**धेरैजसो येशूको नाउँमा प्रचारगर्ने मानिसहरूको नाउँले इसाई इतिहास भरिएको पाइन्छ। तर तिनीहरूमा कतिपयले उहाँसँग समय बिताएको हुँदैन, उहाँलाई व्यक्तिगत रूपमा चिनेको हुँदैन र तिनीहरूलाई परिवर्तन गर्न उहाँलाई मौका नदिएको हुन्छ। येशूको नाउँमा दौडधुप गर्ने तर उहाँसँग समय बिताएर उहाँलाई व्यक्तिगत रूमा नचिन्ने क्रिश्चियनहरूप्रति चर्च र संसार आकर्षित हुन आवश्यक छैन। खीष्टको नाउँचाहीं लिन लगाउने तर उहाँको नाउँलाई दुरूपयोग गर्न लगाउने महान् बिबादको युद्धभूमीमा प्रयोग गर्ने सबभन्दा ठूलो अस्त्र शैतानको हो। बाहिर प्रचारप्रसार गर्न पठाउनुभन्दा अघि आफूसँग रहेर आफ्नो शिक्षादीक्षा ग्रहण गराउने चाहना येशूको थियो।**

क्रिश्चियनहरूको बिरुद्धमा गइरहने आममानिसको सामु उहाँलाई हृदयमा नराखी प्रचारप्रसार गर्नुको अर्थ बर्तमान समयमा हामीले कसरी हेर्नुपर्छ? आजको अति व्यस्तको समयमा पनि येशूसँग समय बिताउन सक्ने कलाहरू के के हुनसक्छ?

## ३. प्राकृतिक विपत्तिमाथि येशूको नियन्त्रण (मत्ती ८:२३-२७)

देहायका पदहरूमा खीष्ट र शैतानको बीचमा भइरहेको महान् अन्तरबिबाद कसरी झल्किन्छ? हेर्नुहोस्ः मत्ती ८:२३-२७ "उहाँ डुङ्गामा चढ्नुभएपछि उहाँका चेलाहरू उहाँको पछि लागे। २४ अकस्मात् तालमा ठूलो आँधी आयो, र छालले डुङ्गालाई ढाक्न लाग्यो। येशू निदाइरहनुभएको थियो। २५ चेलाहरू आएर यसो भन्दै उहाँलाई बिउँझाए, “बचाउनुहोस् प्रभु! हामीहरू नष्ट हुन लाग्यौं।” २६ येशूले तिनीहरूलाई भन्नुभयो, “अल्पविश्वासी मानिस हो, तिमीहरू किन डराउँछौ?” तब उठेर उहाँले बतास र समुद्रलाई हकार्नुभयो, र आँधी बिलकुल शान्त भयो। २७ “यिनी त कस्ता मानिस हुन्, किनभने बतास र समुद्रले पनि यिनका आज्ञा मान्दारहेछन्” भनी ती मानिसहरू छक्क परे।", मर्कूस ४:३५-४१ "३५ त्यो दिन साँझ परेपछि उहाँले चेलाहरूलाई भन्नुभयो, “आओ, हामी पारिपट्टि जाऔं।” ३६ अनि भीड़सँग बिदा लिएपछि, उहाँ जुन डुङ्गामा बस्नुभएको थियो त्यसैमा उहाँलाई चेलाहरूले आफ्नासाथ लगे। र अरू-अरू डुङ्गाहरू पनि उहाँको साथमा थिए। ३७ अनि त्यहाँ ठूलो हुरी-बतास चल्यो, र छालहरू डुङ्गामा बज्रन लागे, यहाँसम्म कि डुङ्गा पानीले भरिन लाग्यो। ३८ उहाँ आफैचाहिँ डुङ्गाको पछिल्लो भागमा एउटा सिरानी लाएर निदाइरहनुभएको थियो। तिनीहरूले उहाँलाई यसो भन्दै

बिउँझाए, "गुरुज्यू, हामी डुब्न लाग्यौं भन्ने के तपाईंलाई वास्ता छैन?" ३९ तब उहाँ बिउँझनुभयो, र बतासलाई हप्काउनुभयो, र समुद्रका छालहरूलाई भन्नुभयो, "शान्त हो! रोकिजा!" अनि बतास थामियो र ठूलो सन्नाटा छायो। ४० उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन यसरी भयभीत हुन्छौ? तिमीहरूमा विश्वास छैन?" ४१ तिनीहरू साह्रै भयभीत भए र आपसमा भन्न लागे, "यिनी को हुन्? बतास र समुद्रले पनि यिनको हुकुम मान्छन्।" र लूका ८:२२-२५ "२२ एक दिन उहाँ आफ्ना चेलाहरूसँग डुङ्गामा चढ्नुभयो, र उहाँले तिनीहरूलाई भन्नुभयो, "हामी तालको पारिपट्टि जाऔं।" र उहाँहरू डुङ्गामा चढ़ी जानुभयो। २३ डुङ्गामा जाँदैगर्दा उहाँ निदाउनुभयो। तालमा आँधीबेहरी चल्न लाग्यो। डुङ्गा पानीले भरिन लाग्यो, र तिनीहरू आपत्मा परे। २४ अनि तिनीहरूले नजिक आएर उहाँलाई यसो भन्दै ब्यूँझाए, "गुरुज्यू, गुरुज्यू, हामी डुब्न लाग्यौं।" उहाँले उठेर बतास र प्रचण्ड लहरलाई हकार्नुभयो, र ती थामिए अनि सबै शान्त भयो। २५ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूको विश्वास कहाँ गयो?" तिनीहरू भयभीत भए, अनि आश्चर्यचकित भए र आपसमा भन्न लागे, "यिनी को हुन्? यिनले बतास र पानीलाई समेत आज्ञा दिन्छन्, अनि तिनीहरू यिनको आज्ञा मान्छन्।"

**प्राकृतिक संसारमा शैतानले कतिको प्रभाव पार्छ भन्ने कुरामा हामीले पूरा बुझ्न सक्दैनौं। तर उसको प्रभाव त्यसमा छ भनेर बाइबलले खुलासा गरेको छ। अय्युबको कथामा हामी त्यो पाउँछौं (अय्यूब १:१८,१९)। यस मामिलामा एलेन जी ह्वाइटले पनि भन्नुहुन्छ "धेरै मानिसहरूलाई नाश गर्न शैतानले आज पनि समुद्र तथा जमिनमा धेरै नराम्रो घट्नाहरू हुन दिँदैछ।" इन हेभेन्ली प्लेसेस्, पृ. ३४८बाट रूपान्तरित। शैतानले आफ्नो शक्ति प्रदर्शन गर्न प्रकृतिलाई पनि हातमा राखेको छ। प्राकृतिक संसारमा भइरहेका बिभिन्न बिपत्तिहरूले महान् अन्तरबिबादको युद्धलाई यथार्थमा परिणत गरिरहेको हामी देखिरहेकाछौं।**

**दिनभरीको शिक्षादीक्षापछि येशूले चेलाहरूलाई समुद्रको पारी जान चेलाहरूलाई अऱ्हाउनुभएको थियो। त्यहाँ केवल थोरै मानिसहरूमात्रै थिए। जब तिनीहरू डुङ्गामा जाँदै थिए बीच समुद्रमा अचानक भयानक हुरीबतास चल्यो। छालहरूले डुङ्गालाई हिर्काएर तहस नहस पार्न खोजे (मर्कूस ४:३७)। डुङ्गाको मुन्तिर येशू थकित भएर सुतिरहनुभएको थियो मानौं उहाँलाई केही पनि थाहा**

थिएन। हुरी बतासहरूसँग चेलाहरू कुस्ती खेलिरहेका थिए। कतिबेरसम्म त तिनीहरूलाई थाहा थिएन येशू सुतिरहनुभएको छ।

आफूहरूको सबै प्रयास असफल भएपछि चेलाहरूले येशूलाई उठाएर गुहार माग्छन्। उठ्ने बित्तिकै येशूले तिनीहरूलाई केही भन्नुहुन्न। उहाँले तिनीहरूलाई कुनै प्रवचन दिनुभएन र त्यस परिस्थितिलाई राम्रोसँग सम्हाल्न हप्काउनु पनि भएन। येशू उठ्नुभयो, हात उचाल्नुभयो र बतास र छालहरूलाई रोक्न हुकुम दिनुभयो मानौं तिनीहरू उच्छृङ्खल बच्चाहरू थिए।

त्यो देखेर चेलाहरू एक छिन त अचम्भित भएर अक्क न बक्क परे। "तिनीहरू डराए पनि। तिनीहरूले एक आपसमा सोधे 'होइन? उहाँ को हुनुहुन्छ। बतास र छालले पनि उहाँलाई मान्नुहुन्छ!' " (मर्कूस ४:४१)।

त्यसबाट हामीहरूले धेरै पाठहरू सिक्न सक्छौं। तर येशूको शक्ति कतिको रहेछ भनेर हामीले यस कथाबाट सिक्न सक्छौं। हाम्रो जीवनमा जुनसुकै हुरीबतास चलेतापनि उहाँमाथि भरोसा राख्नु आवश्यक छ।

प्रकृतिमा पनि हाम्रो प्रभुको शक्ति कतिको छ भनेर हामी थाहा पाउन सक्छौं। तर त्यो शक्ति हामीहरूको आफ्नै इच्छामा छोड्नुहुन्न। हामीमा भएको आत्मनिर्णयको बरदानप्रति हामी कतिको होशियारी हुनुपर्छ भनेर त्यसले हामीलाई कसरी बताउँछ? र हामीमा भएको त्यो बरदानलाई कसरी प्रयोग गर्न पनि होशियारीपना अपनाउन किन पर्छ भनेर त्यसले बताउँछ?

## ४. सबभन्दा ठूलो बडा वा महान् को हो (मर्कूस ९:३३-३७)

येशूले आफ्ना चेलाहरूलाई बिशेष शिक्षा दिनुभएको थियो। त्यो तिनीहरूको निम्तिमात्र नभएर प्रत्येक व्यक्ति जो येशूको भक्त हुँ भनेर दाबी गर्छन् तिनीहरूको निम्ति पनि हो भनेर कसरी आत्मसात् गर्ने? हेर्नुहोस् मर्कूस ९:३३-३७ "३३ उहाँहरू कफर्नहुममा आउनुभयो, र घरमा हुँदा उहाँले तिनीहरूलाई सोध्नुभयो, "बाटोमा तिमीहरूले के बहस गरिरहेका थियौ?" ३४ तर तिनीहरू चूप रहे, किनकि बाटोमा तिनीहरूले "हामीमा सबैभन्दा महान् को हो?" भनी आपसमा बहस गरेका थिए। ३५ तब उहाँ बस्नुभयो, र बाह्रै जनालाई बोलाउनुभयो, र तिनीहरूलाई भन्नुभयो, "कोही मानिस पहिलो हुने इच्छा गर्छ भने, त्यो सबैभन्दा पछिल्लो र सबैको सेवक हुनुपर्छ।" ३६ अनि एक जना सानो बालकलाई लिएर उहाँले त्यसलाई तिनीहरूका बीचमा राख्नुभयो, र त्यसलाई काखमा लिएर उहाँले तिनीहरूलाई भन्नुभयो, ३७ "जसले

यस्ता साना बालकहरूमध्ये एक जनालाई मेरो नाउँमा ग्रहण गर्छ त्यसले मलाई नै ग्रहण गर्छ, र जसले मलाई ग्रहण गर्छ त्यसले मलाई होइन, तर मलाई पठाउनुहुनेलाई ग्रहण गर्छ।" र मत्ती १८:३-६ "३ र भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, मन परिवर्तन भएर तिमीहरू साना बालकहरूजस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौ। ४ जसले यो सानो बालकजस्तै आफूलाई नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा महान् हुनेछ। ५ जसले मेरो नाउँमा एउटा यस्तो बालकलाई ग्रहण गर्छ, त्यसले मलाई ग्रहण गर्छ। ६ "तर जसले ममाथि विश्वास गर्ने यी सानाहरूमध्ये एक जनालाई पाप गर्न लाउँछ, बरु त्यसको गलामा ठूलो जाँतोको ढुङ्गा बाँधेर त्यसलाई गहिरो समुद्रमा डुबाइदिनु असल हुन्छ।"

**चेलाहरूले तिनीहरूले सोचेका भविष्यलाई मध्यनजरमा राखेर नै एक आपसमा को धेरै ठूलो हो वा कसले ठूलो पद पाउँछ भनेर बिबाद गरिरहेका थिए। येशूले रोमी शासकहरूबाट इस्राएललाई मुक्त गर्नुहुनेछ, दाउद राजाको गद्दी उहाँले सम्हाल्नुहुनेछ र उहाँले नयाँ चक्रवर्ती राजा भएर शासन गर्नुहुनेछ भनेर तिनीहरूले सोचेका थिए। राजा सोलोमनको राज्यकालमा अनुभव गरेको यश, सम्मान तथा महिमा अब तिनीहरूले पाउनेछन् भनेर तिनीहरू ढुक्क भएका थिए। जब त्यो हुनेछ तिनीहरू प्रत्येकले महत्त्वपूर्ण तथा उच्च पदहरू नयाँ पुनर्स्थापना गरेको राज्यमा बहाल हुनेछ भनेर तिनीहरूले अनुमान गरेका थिए। तिनीहरूको निम्ति त्यो पनि पुगेको जस्तो थिएन। नयाँ राज्यमा तिनीहरूमध्ये को सबभन्दा ठूलो (प्रधानमन्त्री?) हुने होला भनेर एक आपसमा तक्कर गर्दै थिए। लुशिफर वा शैतानको आफ्नो भाऊ खोज्ने नीतिमा तिनीहरू लागेको जस्तो देखिन्दैन र? (हेर्नुहोस् यशैया १४:१३,१४ "१३ तिमीले आफ्नो हृदयमा भन्यौ, "म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। १४ म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।"**

येशूका एक जना चेलाको आमाले येशूसँग बिशेष अनुरोध गरेकी थिइन्। त्यसलाई येशूले कसरी उत्तर दिनुभयो? उहाँले भन्न खोज्नुभएको महत्त्वपूर्ण बिषय के हो? हेर्नुहोस् मत्ती २०:२०-२८ "२० तब जब्दियाका छोराहरूकी आमाले आफ्ना छोराहरूलाई साथमा लिई उहाँको सामुन्ने घुँडा टेकी उहाँसँग बिन्ती गरिन्। २१ उहाँले तिनलाई सोध्नुभयो, "तिमी के

चाहन्छयौ?" तिनले उहाँलाई भनिन्, "आज्ञा गर्नुहोस् र तपाईंको राज्यमा, मेरा यी दुई छोराहरूमध्ये एउटा तपाईंको दाहिने हातपट्टि, र अर्को तपाईंको देब्रे हातपट्टि बस्न पाऊन्।" २२ तर येशूले जवाफ दिनुभयो, "तिमीहरू के मागिरहेछौ सो जान्दैनौ। जुन कचौरा मैले पिउन लागेको छु, के त्यो तिमीहरू पिउन सक्छौ?" तिनीहरूले भने, "सक्छौं।" २३ उहाँले भन्नुभयो, "मेरो कचौरा तिमीहरू पिउनेछौ, तर मेरो दाहिने र देब्रेपट्टि बस्न दिने कुरो मेरो हातमा छैन। यी स्थान तिनीहरूका हुन्, जसका निम्ति मेरा पिताले तयार गरिसक्नुभएको छ।" २४ यो सुनेर दशै जना ती दुई भाइसँग रुष्ट भए। २५ तर येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरूलाई थाहा नै छ, कि अन्यजातिका शासकहरूले तिनीहरूमाथि निरङ्कुश शासन गर्दछन्, र ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार जमाउँछन्। २६ तिमीहरूका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ। २७ जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ, २८ जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो।"

**कुन परिस्थितिमा चेलाहरूले उक्त दुःख लाग्दो कुरो ल्यायो त्यो अत्यन्त निराश दिने खालको थियो। येशूसमेत चेलाहरू यरुशलेममा जाँदै थिए जहाँ उहाँलाई क्रुसमा टाँगिने निश्चित थियो। उहाँलाई अन्तर्घात गरिनेछ, मृत्युदण्डको अभियोग लगाइनेछ, गिल्ला गरिनेछ, कोर्राले हानिनेछ र क्रुसमा टाँगिने छ र साथै तेस्रो दिनमा बोरिनेछ भनेर उहाँले चेलाहरूलाई भर्खरै सुनाउनुभएको थियो (मत्ती २०:१८,१९)। उहाँले ती कुराहरू भन्नुभएको लगत्तै चेलाहरू एक आपसमा को सबभन्दा ठूलो हुनेछ भनेर छलफल गरेका थिए। त्यसको अर्थ येशूले भनिरहनुभएको कुरो चेलाहरूले सुनेकै थिएन। तिनीहरूको कान येशूतिर लगाएकै थिएन। आफ्नो भाऊ खोज्ने चाहना र संकुचित महत्त्वाकाँक्षाप्रति बढी चासो देखाइरहेको हुनाले येशूले भन्नुभएको महत्त्वपूर्ण कुरोप्रति तिनीहरूको ध्यानै गएको थिएन। तिनीहरूको ध्यान यस संसारमा कहिलै पनि नहुने राज्यको बारेमा गइरहेको थियो। र आफ्नो मृत्युबाट तिनीहरूले पाउने अनन्त राज्यको बारेमा येशूले बुझाइरहनुभएको कुरा बुझ्न तिनीहरू चुकेका थिए।**

तिन बर्ष भन्दा बढि येशूसँग रहेर उहाँको शिक्षादीक्षा लिएर पनि चेलाहरूको मन कस्तो सानो र भाऊ खोजिरहने खालका थिए भनेर तिनीहरूको मूल्याङ्कन गर्न हामीलाई सजिलो त छ। तर "आफूहरूभित्रै रहेको त्यो सानो मन तथा भाऊ खोज्ने प्रवृत्तिलाई कसरी हटाउने" भनेर हामी किन नसोच्ने?

## ५. येशूले धर्मशास्त्रलाई व्याख्या गर्नुहुन्छ (लूका २४:१९-३५)

येशूलाई क्रुसमा टाँगेर मारिनुभएको थियो र त्यसपछि उहाँलाई चिहानमा राखिएको थियो। हप्ताको पहिलो दिनमा उहाँ बौरि उठ्नुभएको थियो। उहाँ बौरि उठ्नुभएको तिन दिनपछि पनि उहाँका चेलाहरू उहाँको मृत्युले पारेको आघातबाट तथा बिचल्लीबाट तिनीहरू लाटो भइरहेका थिए। उहाँले रोमीहरूलाई मिच्ने छ भनेर तिनीहरूले सोचेका थिए तर रोमीहरूले उहाँलाई किच्चाउनुभएको थियो।

येशूको मृत्युपछि अरू धेरै चेलाहरू येशूका बाँकि एघार जना प्रेरितहरूसँग भेटेर एक आपसमा सान्त्वना बाँड्दै थिए। आइतबारको झिसमिसे उज्यालोमा केही स्त्रीहरू चिहानमा गएका थिए। लूकाले तिनीहरूमध्ये तिन जनाको नाउँ उल्लेख गर्दछन् र त्यहाँ अरूहरू पनि थिए जो येशूसँग गलिलबाट आएका थिए (लूका २३:५५, लूका २४:१,१०)। रित्तो चिहान र दुई चम्किलो वस्त्र लगाएका मानिसहरूलाई तिनीहरूले देखेको समाचार एघार जना चेलाहरू र बाँकि अरूलाई सुनाउन गएका थिए (लूका २४:९ रूपान्तरित)।

त्यस आइतबार दिउँसो दुई जना चेलाहरू करिब दुई वा तिन घन्टाको बाटोको यात्रामा यरुशलेमबाट आफ्नो घरमा फर्किरहेका थिए भनेर लूकाले लेख्दछन् (लूका २४:१३)। सप्ताअन्तमा के भयो त्यसको बारेमा छलफल गर्दै हिँडिरहेको बेलामा तिनीहरूको साथमा एक जना अपरिचित मानिस पनि हिँडिरहेको तिनीहरूले वास्ता नगरेको हुनुपर्छ। तिनीहरू किन दिक्क मानेर हिँडिरहेका थिए भनेर उहाँले नसोधुञ्जेल तिनीहरूको ध्यान उहाँतिर नगएको हुनसक्छ (लूका २४:१७)।

उहाँले सोध्नुभएको प्रश्ने क्लियोपास भन्ने चेलाको त मगज पनि तातिएको हुनुपर्छ। त्यस अपरिचित व्यक्तिले यरुशलेममा भएको शहरै हल्लाउने सारा घट्नालाई थाहा नपाउँदा उहाँ कस्तो भर्खरै आउनुभएको पाहुना पो होकि भनेर उहाँलाई प्रतिप्रश्न गरेको थियो। "के कुरा हो?" भनेर त्यस अपरिचित व्यक्तिले त तिनीहरू झन कस्तो छक्क परे होलान् (लूका २४:१९)।

ती चेलाहरूले त्यस अपरिचित मानिसलाई के खबर बाँडेका थिए जसले गर्दा तिनीहरूको आत्मज्ञा कतिको कमजोरी रहेछ भनेर देखाउँछन्? येशूप्रति तिनीहरूको शङ्का र अन्यौलपनालाई सत्य कुराहरू व्याख्या गरेर उहाँले कसरी सम्झाउनुभयो? हेर्नुहोस् लूका २४:१३-३५ "१३ त्यही दिन उहाँका चेलाहरूमध्ये दुई जना यरूशलेमबाट प्रायः एघार किलोमिटर टाढ़ाको इम्माउस नाउँको एउटा गाउँतिर गइरहेका थिए। १४ घटेका सबै घटनाहरूबारे तिनीहरू आपसमा बातचित गर्दैथिए। १५ तिनीहरू आपसमा बातचित गर्दै र बहस गरिरहेको बेला येशू आफै नजिक आएर तिनीहरूका साथ लाग्नुभयो, १६ तर तिनीहरूका आँखा उहाँलाई चिन्न नसक्ने तुल्याइएका थिए। १७ उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू हिँड्दै आपसमा के बहस गरिरहेका छौ?" तिनीहरू उदास भएर टक्क अड़िए। १८ ती दुईमध्ये क्लेओपासले उहाँलाई जवाफ दिए, "यरूशलेम घुमफिर गरी आउने भएर पनि हिजोआज त्यहाँ के घटिरहेछ तपाईंलाई थाहा छैन?" १९ उहाँले तिनीहरूलाई सोध्नुभयो, "कुन कुरा?" तिनीहरूले जवाफ दिए, "येशू नासरीको बारेमा, उहाँ एक जना अगमवक्ता हुनुहुन्थ्यो, र परमेश्वर र सबै मानिसहरूका सामुन्ने काम र वचनमा शक्तिशाली हुनुहुन्थ्यो। २० तर मुख्य पूजाहारीहरू र हाम्रा शासकहरूले उहाँलाई मृत्युदण्डको निम्ति सुम्पिदिए, र उहाँलाई क्रूसमा टाँगे। २१ इस्राएलको उद्धार गर्ने उहाँ नै हुनुहुन्छ भन्ने हामीले चाहिँ आशा गरेका थियौं। यी सब कुरा छोड़ेर, यो घटना घटेको आज तेस्रो दिन हो। २२ यसबाहेक हामी मध्येका कोही-कोही स्त्रीहरूले हामीलाई चकित बनाएका छन्। तिनीहरू आज बिहान सखारै चिहानमा गए, २३ र येशूको शरीर भेट्टाएनन्। तिनीहरूले आएर हामीहरूलाई सुनाए, 'हामीले स्वर्गदूतहरूलाई देख्यौं, जसले येशू जीवित हुनुहुन्छ भने।' २४ हामीहरूमध्येका कोही-कोही चिहानमा गए, र ती स्त्रीहरूले जे भनेका थिए, त्यस्तै भेट्टाए, तर उहाँलाई चाहिँ देखेनन्।" २५ उहाँले तिनीहरूलाई भन्नुभयो, "ए अबूझ (वा मूर्ख) मानिस हो, तिमीहरूका हृदय यति सुस्त भएको छ, कि अगमवक्ताहरूले भनेका कुराहरू विश्वास गर्दैनौ! २६ के ख्रीष्टले यी कष्टहरू भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थिएन र?" २७ तब मोशा र सबै अगमवक्ताहरूबाट सुरु गरेर उहाँले धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनुभयो। २८ तिनीहरू जुन गाउँमा गइरहेका थिए त्यसको नजिकै पुगे। उहाँ अझै पर जान चाहने जस्तो गर्नुभयो। २९ तर तिनीहरूले उहाँलाई यसो

भनेर कर लाए, "हामीसँगै बस्नुहोस्, किनकि साँझ पर्न लाग्यो, र दिन धेरै ढल्किसकेको छ।" अनि उहाँ तिनीहरूसँग बस्नलाई घरभित्र पस्नुभयो। ३० जब येशू तिनीहरूसँग खान बस्नुभयो उहाँले रोटी लिएर आशीर्वाद दिनुभयो, र भाँचेर तिनीहरूलाई दिन लाग्नुभयो। ३१ तब तिनीहरूका आँखा खुले, र तिनीहरूले उहाँलाई चिने। अनि उहाँचाहिँ तिनीहरूका दृष्टिबाट अल्पिनुभयो। ३२ तिनीहरूले आपसमा भने, "उहाँ हामीसँग बाटोमा बातचित गर्नुहुँदा, र हामीलाई धर्मशास्त्रको अर्थ खोलिदिनुहुँदा के हाम्रो हृदय प्रज्वलित भएको थिएन र?" ३३ तिनीहरू त्यति नै बेला उठेर यरूशलेममा फर्के, र एघार चेला र तिनीहरूसँग जम्मा भएकाहरूलाई भेटे, ३४ र तिनीहरूलाई यसो भने, "प्रभु साँच्चै नै जीवित भई उठ्नुभएछ र सिमोनकहाँ देखा पर्नुभएको हो रहेछ।" ३५ तिनीहरूले बाटोमा भएका कुराहरू र रोटी भाँच्दाखेरि कसरी तिनीहरूले उहाँलाई चिने, सो बताइदिए।"

**भावनाले बिभोर भएर येशूलाई बिश्वास नगरुन् तर बाइबल धर्मशास्त्रको आधारमा मात्र उहाँलाई बिश्वास गरून् भन्ने हेतुले तिनीहरूको ध्यान बाइबलतिर लगाउनुभएको थियो। शैतानसँग उजाड स्थानमा मुकाबिलो गर्ने येशूले धर्मशास्त्रलाई प्रयोग गर्नुभएको थियो। त्यसै प्रकारले ती दुई जना चेलाहरूमा भएको अन्धकारलाई उज्यालो पार्ने येशूले धर्मशास्त्र नै प्रयोग गर्नुभएको थियो। आफ्नो बारेमा र आफ्नो लक्ष्यको बारेमा व्याख्या गरिसक्नुभएपछि येशूले उहाँको शिक्षालाई अनुमोदन गरेर देखाउन उहाँले अत्यन्त प्रभावकारी अनुभव तिनीहरूलाई दिनुभयो। आफ्नो असली रूप प्रकट गराएर आफू मरेकोबाट बौरि उठे भनेर प्रमाणित गर्नुभएको थियो। तेस्रो तिनीहरूकै सामु उहाँ अलप हुनुभयो (लूका २४:३१)। आफ्नो मृत्युले मानिसहरूले आफ्ना पापहरूबाट क्षमा र सफाइ कसरी पाउँछन् भनेर येशूले परिपक्वरूपमा बाइबलबाट उहाँले स्पष्ट रूपमा देखाउनुभएको थियो। त्यो बाइबल अध्ययनले तिनीहरू येशूको बारेमा स्पष्ट भएका थिए। तिनीहरूले भर्खरै त्यस प्रभावकारी अनुभवबाट येशूमाथि तिनीहरूको बिश्वास मजबुत भएको थियो।**

सुसमाचारभरि हामीले पाएको अनुसार येशूले आफ्नो केन्द्रविन्दु पवित्र धर्मशास्त्र बाइबलमै राख्नुभएको त्यहाँ हामी पाउँछौं। त्यस परिप्रेक्ष्यमा बाइबलको गरिमाप्रति हामीले प्रश्न नउठाउन हामी कसरी सतर्क हुने?

## उपसंहार:

जब येशू यस संसारमा मानव जीवन धारणा गर्नुभएको थियो त्यसबेला उहाँले मानिसहरूबाट असुद्ध आत्माहरूलाई निकाल्नुभएको थियो (लूका ६:१८) र निराशामा बाँचिरहेकाहरूलाई आशा दिनुभएको थियो (लूका ६:२०-२३)। परमेश्वरको आगापे प्रेममा कसरी जिउने भनेर मानिसहरूलाई सिकाउनुभएको थियव (लूका ६:२७-४९) र कप्तानको नोकरको बिमारलाई निको पार्नुभएको थियो (लूका ७:२-१०)। उहाँले बिधवीको मरेको छोरोलाई पनि बौरिउठाउनुभएको थियव (लूका ७:१२-१६) र सामुद्रको प्रचण्ड हुरीलाई पनि शान्त पार्नुभएको थियो (लूका ८:२२-२५)। गदारा भन्ने समुद्रको किनारमा उहाँले दुष्ट आत्माले पिडित भएको मानिसबाट ती आत्माहरू निकालेर तिनीहरूबाट मुक्त गराउनुभएको थियो (लूका ८:२६-३९ र १२ बर्षसम्म रक्तस्रावको बेथाले बेचैन भएको स्त्रीलाई निको पार्नुभएको थियो (लूका ८:४३-४८)। उहाँले यहूदी मन्दिरको अगुवा जारियकको मरेकी छोरीलाई बिउँताउनुभएको थियो (लूका ८:४१,४२, ४९-५६) र चारदिनसम्म चिहानमा गाडिएको लाजरसलाई पनि उहाँले बिउँताउनुभएको थियो (लूका ११:३९-४४)। उहाँले ती सबै मानव विज्ञानले व्याख्या गर्न नसकिने आश्चर्य कामहरू मानिसहरूकै सामु प्रतक्ष्यरूपमा गरेर देखाएतापनि उहाँलाई चिन्न र बिश्वास गर्न तिनीहरूले संघर्ष गरेका थिए। "येशूका आफ्नै चेलाहरू पनि उहाँलाई चिन्न जान्न र बिश्वास गर्न धेरै वर्ष लागेको थियो। तिनीहरूले उहाँलाई माया गर्थे र उहाँको चरित्रको ठूलो आदर गर्थे। तै पनि उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनेर ठोकुवा गरेर बिश्वास गर्न बेलाबेलामा बाझिएको थियो। आफ्नो पूर्खा तथा परम्परालाई मात्र चाहने र उहाँको शिक्षादिक्षालाई नबुझ्ने निरन्तरताले बास गर्न दिएका चेलाहरूले तिनीहरूमा भएका गलत धारणाहरूबाट तिनीहरू मुक्त हुन अत्यन्त गाऱ्हो भएको थियो।"-एलेन जी ह्वाइट, मानुस्क्रिप्ट रिलिजेज, ठेली १८, पृ. ११८बाट रूपान्तरित। परमेश्वरमाथि आस्था,, बिश्वास तथा भरोसा राख्ने खुबीको बरदान परमेश्वरबाट नै आउँछ। तर त्यस बरदान मानिसहरूले स्वीकार पनि गर्न सक्छ र अस्वीकार षनि गर्न सक्छ। तर त्यो किनभने हामीलाई यो सतर्क गराइएको छ कि शैतान कुनै मनगढन्ते वा काल्पनिक नभएर साँच्चिकै वा वास्तविकनै हुन्। परमेश्वरसँग प्रतिस्पर्धा गर्न चाहने तथा उहाँको बिद्रोह गर्ने शैतानको नीति वास्तविक नै हुन्। र हामीहरूले परमेश्वरप्रति शङ्का गरोस् र उहाँलाई बिश्वास नगरोस् भनेर शत्रुले भरमग्दुर सबै

क्षेत्रहरूबाट प्रयास गरिरहेको पाइन्छ। ख्रीष्टले हाम्रो निम्ति के गर्नुभयो त्यसमा हामीहरूको मुक्ति छ। शैतानलाई त्यो थाहा छ, त्यसकारण त्यस बिश्वासबाट हामी बिचलित होओस् भनेर उसले सबैतिरबाट हामीलाई आक्रमण गर्न खोज्छ। तर भाग्यवस् महान् बिबादको युध्दभूमीमा हामी यो सम्झिरहनुभपर्छ कि उहाँ शैतानभन्दा शक्तिशाली हुनुहुन्छ। र यदि हामी येशूलाई पक्रि राख्यौं भने शैतानले हामीलाई हराउन सक्दैन।

**चिन्तनमनन:**

**अ.** यदि कसैले तपाईंलाई यो सोध्यो भने कसरी जवाफ दिनुहुन्छ र तपाईंको जवाफमा ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक युद्ध कसरी समाबेश हुनसक्छ "यदि प्रकृतिमा येशूको त्यस्तो नियन्त्रण छ भने इसाईहरूसमेत धेरै मानिसहरू किन धेरै कष्ट भोग्छन्?

**आ.** येशूमा विश्वास हुनुको कारण र उहाँको बारेमा बाइबलले भनेको अनुसार उहाँमाथि आस्था राख्नुको केही के के कारणहरू छन्? ती कारणहरू हामीले सम्झिराख्न किन जरुरी छ? फेरि हामीहरूसँग असल कारणहरू भएतापनि किन धेरै मानिसहरू बिश्वाससँग कुश्ती खेलिरहेको पाउँछौं? हाम्रो जीवनमा के के यस्ता कुराहरू आइपर्छन् जसले गर्दा परमेश्वरलाई हामी शङ्का गर्न पुग्छौं? त्यस मामिलालाई सम्हाल्न सबभन्दा असल उपाय के हो?

**इ.** कमजोरी मानिसहरूलाई आफूसँग मिलेर काम गर्न येशूले नियुक्ति गर्नुभएको थियो भनेर हामीले यस अध्यायमा हेऱ्यौं। तपाईंमा केही कमीकमजोरी भएतापनि पनि तपाईंले येशूमा कस्तो भरोसा राख्न सक्नुहुन्छ कि उहाँले तपाईंलाई उहाँको काममा उपयोग गर्न सक्नुहुन्छ?